जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.दु.का.द.नं. ५/०६४/०६५
वर्ष २९ अंक २२६ २०७७ साल असार १७ गते बुधबार (1 July 2020 Wednesday) मूल्य रु. ५/-
Log on : rajbirajdainik.com.np

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : धरापमा परेको ... ३ पृष्ठमा : कोरोना भाइरस ... ३ पृष्ठमा : भारतमा टिकटकमाथि ...

## जसपाद्वारा नागरिकता विधेयक विरुद्ध प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १६ असार ।**

नागरिकता संशोधन विधेयक विरुद्ध जनता समाजवादी पार्टीले मंगलबार देशभरी प्रदर्शन गरेको छ ।

सो पार्टीले सप्तरीमा बिशाल प्रदर्शन गरेको छ । प्रदेश मन्त्री, पार्टीका केन्द्रिय पदाधिकारी, निर्वाचित जनप्रतिनिधि, जिल्ला नेतालगायतको सहभागीतामा सो विरोध प्रदर्शन गरिएको हो ।

वैवाहिक अगिकृत नागरिकताको ७ बर्षे प्रावधान खारेज गर्न, महिलासँगको विभेद अन्त्य गर्न, बेटीरोटीको सम्बन्ध विगार्न नपाइने, मधेशी माथिको अत्याचार बन्द गर्न लगायतको माँग गर्दै बिरोध जुलुस नगरको विभिन्न स्थानको परिक्रमा गरेको थियो ।

सो क्रममा सहभागिहरुले प्रधानमन्त्री विरुद्ध समेत चर्को नारावाजी गरेका थिए । महिलाहरुको उल्लेख्य सहभागीतामा स्थानिय शिवमन्दिरको प्राङ्गनबाट निस्केको जुलुस नगरपरिक्रमा पश्चात् स्थानिय गजेन्द्र चौकमा पुगी विरोध सभामा परिणत भएको थियो ।

विरोध सभाका सहभागी वक्ताहरुले सरकारले नागरिकता सम्बन्धी ल्याएको संशोधन विधेयक मधेश विरोधी रहेको आरोप लगाउँदै सरकारले निरंकुश शैलीमा नागरिकता विधेयक ल्याएर मधेश प्रतिको विभेद मात्र नभएर सदियोदेखि भारतसँग रहेको रोटी र बेटीको सम्बन्ध बिर्गान खोजेको आरोप समेत लगाएका छन् ।

जनता समाजवादी पार्टीका नेता केदार यादवको अध्यक्षतामा आयोजित विरोध सभालाई प्रमुख

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीको १८ वटै स्थानिय तहमा कोरोना संक्रमित

## संक्रमितको संख्या २ सय ४८, निको हुने १ सय १८ जना

**दैनिक समाचारदाता**
**राजविराज, १६ असार ।**

सप्तरीमा मंगलबार थप २२ जना कोरोना संक्रमित पुष्टि भएको छ । यसअघि सोमबार १८ जना कोरोना संक्रमित पुष्टि भएको थियो ।

योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या २ सय ४८ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

पछिल्लो पटक मंगलबार जिल्लाको तिलाठी कोइलाडी र महदेवा गाउँपालिकामा १०/१० जना तथा अग्निसाइर कृष्णासवरण र राजगढ गाउँपालिकामा १/१ जना संक्रमित पुष्टि भएको स्वास्थ्य कार्यालय प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

सोमबार रुपनी गाउँपालिकामा एकजना लगायत अन्य स्थानमा गरि १७ जना कोरोना संक्रमित पुष्टि भएको थियो । अग्निसाइर कृष्णासवरण र रुपनी गाउँपालिकामा समेत संक्रमित पुष्टि भएपछि जिल्लाको १८ वटै स्थानिय तहमा संक्रमित भेटिएको छ ।

यस्तै जिल्लामा कोरोनाबाट निको हुनेको संख्या १ सय १८ पुगेको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रन्जित झाले जानकारी दिए ।

यता मंगलबार साँझसम्म

*बाँकी अन्तिम पृष्ठमा*

बालबालिकालाई दण्ड दिएर होइन बुझाएर सम्झाएर पढाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →
जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४
ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

सम्पादकीय ....

## अल्पकालिन भन्दा दिर्घकालिनप्रति एक पटक सोच्नु आवश्यक

सरकारले ल्याएको नागरिकता विधेयक बिरुद्ध अहिले विपक्षी दलहरु आन्दोलित भएका छन् । विदेशी बुहारीलाई सात वर्षपछि मात्र अंगिकृत नागरिकता दिने सत्तापक्ष दल नेकपाले ल्याएको विधेयकप्रति नेपाली काँग्रेस र जनता समाजवादी पार्टी आन्दोलित भएका हुन् । यसअघि नेपालमा विदेशी बुहारी विवाह गरेर आउने वित्तिकै बैवाहिक अंगिकृत नागरिकता पाउने व्यवस्था रहेको थियो । तर, अहिले आएको विधेयकले विदेशी बुहारीप्रति विभेद भएको भन्दै विपक्षी दलहरु सडक र सदन दुबै तताइरहेका छन् ।

खास गरि तराई मधेशमा भारतसँग खुल्ला सिमाना रहेकोले सदिऔंदेखी भारतीय युवतीहरुसँग विवाह गर्ने गरिन्छ । यो परम्परा आजको नभएर परापूर्व कालदेखी नै चलिआएको बेटीरोटीको सम्बन्ध पनि हो । यसले दुई देशबीच धार्मिक, सांस्कृतिक र सामाजिक सम्बन्धलाई प्रगाढ गरेको छ । यो सम्बन्ध कहिलेदेखी चलिआएको भन्ने अहिलेसम्म कसैले उजागर गर्न सकेको छैन् । परापूर्वकालमा जनकपुर माइती भएकी माता जानकीको विवाह भारतको अयोध्याका राजा रामसँग भएको कुराले समेत पुष्टि गरेको छ । यस्ता विधेयकले ती सम्बन्धलाई समेत ओझेलमा पार्ने निश्चित छ ।

मधेशका जानकार अनुसार यस्ता विधेयकले सबैभन्दा बढी तराई मधेशका जनता नै प्रभावित हुने र दुई देशबीचको सम्पूर्ण सम्बन्धमाथी अंकुश लाग्ने निश्चित छ । तसर्थ यस्ता विधेयक ल्याउनु अघि सरकारले सम्पूर्ण दलहरुको सुझाव समेत लिनु आवश्यक छ भने अल्पकालिन स्वार्थ भन्दा दिर्घकालिन सम्बन्धप्रति एक पटक सोच्नु आवश्यक छ । यसले नै देशको जनताप्रति हितकारी साबित हुनेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# धरापमा परेको सरकार



**अमरनाथ मण्डल**

वर्तमान परिस्थितिमा नेपालको अवस्था र सन्दर्भ हेर्दा खेरी राजनैतिक विचलनको साथै सामाजिक र आर्थिक लगायतका क्षेत्रहरुमा दिन प्रति दिन उदासिनताको अवस्थाबाट गुज्रिरहेका नेपालको सन्दर्भमा हेर्दा खेरी नेकपाको बहुमतको सरकार जहाँसम्म दुई तिहाईको सरकारका सवालहरु बिचमा सरकार भित्र तथा नेकपा भित्र विवादका चरम केन्द्र विन्दुहरु उत्पन्न भईरहेका छन् ।

कोरोना भाइरस, नक्सा विवाद, एमएमसी विवाद तथा अंगीकृत नागरिकता लगायतका मुद्दाहरुले चारैतिरबाट घेरिएका सरकार नेतृत्व गर्ने प्रधानमन्त्री केपी ओली अहिले अनाफ सनाफ वकत्वयहरु दिई रहेका छन् । प्रधानमन्त्री केपी ओलीले छिमेकी राष्ट्र भारतप्रतिको वकत्वयवाजी एउटा देशको सरकार प्रमुखको असुहाउँदो चरित्रको उजागर हो । प्रधानमन्त्री कोपी ओलीले भर्खरै भारत र नेपालका केही शक्तिहरुले मलाई प्रधानमन्त्रीबाट हटाउने षड्यन्त्र गरिरहेको वकत्वयवाजीले गर्दा बौद्धिक वर्गहरमा प्रधानमन्त्री जस्तो व्यक्तिले नसुहाउँदो वकत्वय सिंगो राष्ट्र आश्चर्यमा परेका छन् । असल छिमेकी राष्ट्र भारत रहेकोले नेपाल भारत र चीनको बीचमा सानो मुलुकको रुपमा रहेको अवस्थामा छिमेकीहरुसँग खासगरी भारतसँग सुहादपूर्ण वातावरणको अवस्था सिर्जना गर्नुपर्छ । नत्र भोलीका दिनमा हाम्रा पुर्खाहरुले बनाएका छिमेकीहरुको सम्बन्ध छिन भरमा नै समाप्त हुने अवस्थाको सिर्जना हुन बेर लाग्ने छैन ।

भारत र नेपालको सिमा विवादले बिग्रेको सम्बन्ध भारतीय पक्षले पनि एउटा असल छिमेकीको मनोभावना राखी नेपालसँग वार्ताको प्रक्रियालाई अगाडी बढाउनु पर्ने देखिएको अवस्थामा नेपाल सरकारले पनि हतारमा आवेशमा वार्ता माध्यमबाट मात्रै समाधान नखोजी अनाफ सनाफ अभिव्यक्तिले गर्दा असल मित्रको सम्बन्धलाई दिन प्रति दिन बिगर्ने र बिगार्ने मनस्थितिको सिर्जना हुने देखिएको छ । भारतसँगको सम्बन्ध सधैं धार्मिक, सामाजिक तथा साँस्कृतिकले भरिएका धरोहरु रहेको अवस्थामा भारतले नेपालका विभिन्न किसिमका प्रजातान्त्रिक आन्दोलन देखि लिएर गणतन्त्र आन्दोलनसम्म आफ्नो भुमिकालाई इमान्दारितापूर्वक निभाएको देखिएको छ । त्यस्तै नेपालले पनि भारतीय स्वतन्त्रता संग्रामका आन्दोलनहरुमा नेपालका प्रजातन्त्रवादी योद्धा नेताहरुले भारतीय आन्दोलन समर्थन र सहयोग गरी आफ्नो भुमिकालाई सार्थक तुल्याएको छ । विकासीय कार्यहरुमा भारतीय सहयोगमा अपूर्ण सहयोग सधैं रहेको हाम्रो इतिहासले देखाएका छन् ।

पार्टी भित्रबाट नै पूर्ण बहुमतका सरकार प्रधानमन्त्री केपी ओली अहिले घेरिएका छन् । नेकपाका अर्का अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड प्रधानमन्त्रीको गतिविधिहरुमा पूर्ण सहयोग र समर्थन नदेखिएको अवस्थामा प्रधानमन्त्री केपी ओली र प्रचण्ड बीच अहिलेको अवस्थामा राजनैतिक दुरी बढेर गएको देखिन्छ । एमएमसी प्रकरणले माधव नेपाल र झलनाथ खनाल प्रधानमन्त्री विरुद्ध उभिएका छन् भने अर्का अध्यक्ष प्रचण्डको अभिव्यक्तिले दिईरहेका अभिव्यक्तिले अहिले सरकार भित्र व्यापक संकटको स्थिति सिर्जना गरिरहेका छन् । प्रचण्डको भावना र मनोस्थिति हेर्दा खेरी तत्कालिन नेकपा एमाले र नेकपा माओवादी सामाहित भएका नेकपा एकतामा समेत अघात पुग्ने अवस्थाको सिर्जना हुने बेर लाग्ने छैन ।

पार्टी विवादको चरमविन्दु विवाद खेपिरहेको प्रधानमन्त्री नजदिक एमएमसी प्रकरणले झन् प्रधानमन्त्रीलाई संकटमा तुल्याएको छन् भने सिमा विवाद लिएर भारतसँग राजनैतिक सम्बन्ध धरापमा परेपछि प्रधानमन्त्रीले आफ्नो कुर्सी बचाउन अहिले पार्टीका अन्य नेताहरुसँग व्यापक छलफलमा जुटेका प्रधानमन्त्रीले तथा सरकारले वैवाहिक अंगीकृत नागरिकता विवादले पनि चारैतिरबाट विरोध भईरहेको सन्दर्भ लिएर अहिलेको परिस्थितिमा सिधैं नेपालको एउटा भु-भाग तराई क्षेत्रमा बसोवास गरेका मधेशी समुदायहरु अधिकांश भारतको क्षेत्रहरुमा वैवाहिक संस्कृतिक सम्बन्धलाई वैवाहिक अंगीकृत नागरिकताले पूर्ण रुपमा असर पुर्‍याउने देखिएको छ । तसर्थ अहिले मधेशी दल तथा नेपाली काँग्रेस सरकारका विरोधमा जोडदार रुपमा अवाजहरु तथा संघर्षमा उत्रेका छन् ।

विश्वले नै विषम परिस्थितिको बेला नेपालमा देखिरहेको कोरोना भाइरसको प्रकोपले लिईरहेको विकराल रुप अहिले चिन्ताको विषय दिन प्रति दिन सर्वसाधारणमा बढिरहेको छ । नेपालमा १३ हजार हराहारीमा कोरोना प्रकोपको संक्रमित भेटिएको छ भने तीन दर्जन भन्दा बढी मृत्यु समेत भइसकेको अवस्था छ । अहिले क्वारेन्टाइन देखि लिएर आईसोलेसनहरुको व्यवस्थापनको सन्दर्भमा सरकार र स्थानीय सरकार केन्द्रिय सरकार, प्रदेश सरकार पूर्ण रुपमा असफल भईरहेको छ । दिन हुँ क्वारेन्टाइनमा बसेकाहरु क्वारेन्टाइनबाट भाग्ने गरेको देखिएको छ भने त्यस्तै क्वारेन्टाइन भित्र अव्यवस्थित व्यवस्थापनको कारण सर्वसाधारणहरु मृत्यु समेतको विषम परिस्थितिबाट गुर्जन बाध्य भईरहेको छ । यता भाइरस नियन्त्रणको लागि चेकचाँज पिसिआर र आरडिटी प्रक्रियाहरुलाई सरकारी पक्षबाट सुस्त गतिमा चेकजाँच भईरहेको कारणले गर्दा अहिले कोरोना भाइरस समुदायमा फैलिसकेका छन् । जसको परिणाम भोलीका दिन भ्यावहको स्थिति सिर्जना हुने बेर नलाग्ने भन्न सकिदैन ।

कोरोना भाइरसको प्रकापबाट सम्पूर्ण देश नै लकडाउनको स्थिति गुजर्नुपर्ने बाध्य देखिएको अवस्था देशको आर्थिक तन्त्र पूर्ण रुपमा सखाप भएको अवस्थामा अहिले देशमा एउटा अझै विकराल समस्याको रुपमा भ्रष्टाचार फस्टाएर गईरहेको देखिन्छ । प्रधानमन्त्री केपी ओलीका नजिकका मन्त्रीहरु भ्रष्टाचारमा मुछिएका कारणले गर्दा विगतका दिनहरुमा राजीनामा समेत दिनुपर्ने अवस्थाको सिर्जना भएको हाम्रो सामु विदितै नै रहेको अवस्थामा अहिले असार मसान्तको बेला स्थानीय सरकार र सोको जनप्रतिनिधिहरुको प्रदेश सरकार सोको मन्त्रीहरु लगायत केन्द्रिय सरकारका सरकार प्रमुख लगायतका मन्त्रीहरु आफ्नो नजिकका भाइभरेदारहरुलाई नातागोतादारहरुलाई पार्टीका कार्यकर्ताहरुलाई अवैधानिक उपभोक्ता समिति बनाई अवैधानिक कोटेशन टेण्डरको प्रक्रिया पुगाई तथा ठूलो ठूलो परियोजनाहरुमा आफ्ना नजिकका मान्छेहरुलाई कार्य संचालनको जिम्मा दिई भ्रष्टाचार गरिहेको अवस्थाले सम्पूर्ण देश नै एउटा ठूलो भ्रष्टाचारको कारणले गर्दा अर्थतन्त्रबाट ह्रासको मनस्थितिले गुजर्नुपर्ने अवस्थाको सिर्जना हुन्छ ।

देशका प्रधानमन्त्री तथा बहुमतका सरकार अहिले चारैतिरबाट संकटले घेरिएको अवस्थामा देशमा हरेक क्षेत्रले प्रभावित वातावरणमा गुर्जनुपर्ने देखिएको छ । यस्तो अवस्थालाई निराकरण गर्न तथा समाधानका बाटोहरु खोज्न सरकारमा रहेका तथा सरकार जिम्मेवार पदाधिकारीहरु अहिले बेलैमा बुद्धि पुगाई समाधानको निकास खोज्नुपर्ने अवस्था देखिन्छ । नत्र भोलीका दिनमा अनेकौं अमुल परिवर्तन सँगै उठिएका जनलहरहरु यो सरकार विरुद्ध नउठ्ने बेर लाग्ने छैन ।

# रोकथाममा प्रभावकारी काम गर्न ध्यानाकर्षण

काठमाडौं, १६ असार (रासस) ।

नेपाली काँग्रेसले कोभिड-१९ का सन्दर्भमा सरकारले गरेका र आगामी तयारीका विषयमा जानकारी लिने तथा पार्टीले बारम्बार उठाउँदै आएका विषयहरुमा सरकारको ध्यानाकर्षण गराएको छ । काँग्रेसद्वारा गठित ‘कोभिड-१९ अनुगमन समिति’का संयोजक एवं पार्टीका सहमहामन्त्री डा.प्रकाशशरण महत नेतृत्वको प्रतिनिधिमण्डलले मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई भेटेर सो ध्यानाकर्षण गराएको हो ।

प्रतिनिधिमण्डलले मुलुकभरका क्वारेन्टिन व्यस्थित बनाउन र विदेशबाट स्वदेश आउने नेपालीलाई सुरक्षित प्रवेश गराउन, अन्य रोगका बिरामी र सुत्केरीको उपचारको व्यवस्था निर्वाध बनाउन, स्वास्थ्य सामग्री खरिद प्रक्रियालाई पारदर्शि बनाउनुपर्नेलगायत विषयमा ध्यानाकर्षण गराएको छ ।

काँग्रेसले निरन्तर आफ्नो सहयोग, सञ्चार माध्यमको खबरदारी, नागरिक समाज र आमजनताको साथले सिर्जना गरेको अनुकूलताको बाबजुद पनि सरकारको कमजोरीका कारण कोभिड-१९ सङ्क्रमण वृद्धि हुँदै जाँदा जनजीवन कष्टकर हुँदै गएको आरोप लगाएको छ । भेटमा मन्त्री ढकालले सरकारले कोभिड-१९को सङ्क्रमण रोकथाम र उपचारमा सक्दो प्रयास गरिरहेको, विदेशबाट आउने नेपालीको सङ्ख्या विस्तारै कम हुँदा क्वारेन्टिन व्यवस्थापनको चुनौती पनि कम हुँदै गएको र आरडीटी परीक्षणलाई निरुत्साहित गर्दै लगिएको बताउनुभएको थियो ।

साथै उहाँले पीसीआर परीक्षण हाल दैनिक आठ हजार क्षमता भएको र केही दिनमा दैनिक १० हजार गरिने जानकारी गराउनुभयो । सहमहामन्त्री डा महत नेतृत्वको प्रतिनिधिमण्डलमा नेताहरु एनपी साउद, चन्द्र भण्डारी, गगनकुमार थापा, मोहनबहादुर बस्नेत, पार्टी कार्यालयका सचिव डा प्रदीप पराजुली र राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रभु बुढाथोकी हुनुहुन्थ्यो । प्रतिनिधिमण्डलले मंगलबारै अपरान्ह दुई बजे अर्थमन्त्रीसँग कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धमा छलफल गर्न भेट्ने कार्यक्रम रहेको जनाएको छ ।

# कोरोना भाइरस जीन अध्ययन शुरु

काठमाडौँ, १६ असार (रासस) ।

नेपालमा कोरोना भाइरस ( कोभिड १९)को अनुवंश (जीन सिक्वेन्सिङ ) को अध्ययन शुरु गरिएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले नेपाली वैज्ञानिक र अनुसन्धान कर्ताबाट कोरोना सङक्रमितमा रहेकाको जीनको अध्ययन थालेको हो ।

परिषद्का कार्यकारी निर्देशक डा. प्रदीप ज्ञवालीले ¶ नेपालमा सङक्रमितमा रहेको जीन कस्तो प्रकारको रहेको भनेर अध्ययन गर्न शुरु भएको बताउनुभयो । कोभिड-१९ का विभिन्न जीन रहेकाले अध्ययनबाट नेपालमा रहेको कुन जीन हो भन्ने पत्ता लगाइने छ । परिषद्ले यसका लागि काठमाडौँ विश्वविद्यालयसँग सम्झौता गरेर प्रक्रिया अगाडि बढाएको छ । यसैगरी त्रिभुवन विश्वविद्यालय र अन्य निजी प्रयोगशालासंग पनि सम्झौता गर्ने तयारी गरेको छ । जीनको अध्ययनका लागि काठमाडौ विश्वविद्यालयले उपकरण समेत खरिद गरेर ल्याइसकेको जनाइएको छ । परिषद्का बरिष्ठ अनुसन्धान अधिकृत डा. मेगनाथ धिमालले अध्ययनबाट कोरोना भाइरसको कति शक्तिशाली रहेछ भन्ने पत्ता लाग्ने बताउनुभयो ।

जीन सिक्वेन्सिङका लागि अहिले प्रयोगशालाको परीक्षण, सङक्रमित व्यक्तिको संकलित नमूना संकलन गर्ने कार्य भइरहेको छ । "जीनको अध्ययनले भाइरस कस्तो रहेको छ भन्ने थाहा हुन्छ " उहाँले भन्नुभयो, " भाइरस पत्ता लागेपछि कोभिड १९ विरुद्धको भ्याक्सिन बनेपछि प्रयोग गर्न सकिन्छ ।" सबै देशले आफ्नो देशमा सङक्रमित व्यक्तिमा भएको भाइरस कस्तो छ भनेर जीन सिक्वेन्सी गरिरहेका छन् ।

परिषद्ले शुरुमा १५ जना सङक्रमितको जीनको अध्ययन गर्ने छ र यसपछि ५० देखि ६० जनाको गर्ने छ । उहाँ अनुसार फरक फरक देशबाट आएका मानिसको जीनको अध्ययन गरिने छ । "हामीले फरक फरक देशबाट आएका सङक्रमित व्यक्तिको जीन अध्ययन गर्ने छौं " उहाँले भन्नुभयो, " जीन सिक्वेन्सिडले कुन देशबाट आएका मानिसमा कस्ता प्रकारको भाइरसको जीन छ भन्ने पत्ता लगाउँछ ।"

अध्ययनबाट कोभिड १९ को संक्रमणले मानिसको रगतमा कुन कुन चीज उत्पन्न भएको छ भनेर पनि पत्ता लाग्ने छ । नेपालका संक्रमित रहेका मध्ये ९८ प्रतिशत कोभिड १९ को मेडिकल लक्षण चिह्न ( क्लिनिकल साइन सिन्ट्रोम) नभएको पाइएको अवस्थामा अध्ययनले कुन प्रकारको जीनको कारणले यहाँका मानिसमा सङक्रमण रहेको र भाइरसको कुन चाहिँ जीन नेपालमा बढी रहेको भन्ने कुरा थाहा हुने छ ।

सङक्रमित व्यक्तिको स्वाब र रगतबाट जीन सिक्वेन्सिङ गरिने छ । जीन पत्ता लगाएपछि कोभिड-१९ को उपचारका लागि आवश्यक भ्याक्सिन र औषधि पत्ता लगाउन सकिने छ । चीन, अमेरिका, भारतलगायत देशले पनि कोभिड-१९ को जीनबारे अनुसन्धान शुरु गरिसकेका छन् । उहाँले जीनको अध्ययनपछि गुणस्तरिय छ कि छैन भनेर परीक्षण गर्नका लागि विश्व स्वास्थ्य संगठनको स्वीकृतमा विदेश रहेका प्रयोगशालामा समेत परीक्षण गरिने बताउनुभयो । उहाँका अनुसार १० प्रतिशत नमूना विदेशी प्रयोगशालामा समेत पठाइने छ ।

बालमैत्री शासनः
बालअधिकारको सम्मान ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# विश्व समाचार

## भारतमा टिकटकमाथि प्रतिबन्ध

नयाँदिल्ली, १६ असार (रासस/एएफपी) ।

चीन र भारतबीच सीमाक्षेत्रमा समस्या उत्पन्न भएसँगै लोकप्रिय एप्स टिकटकमाथि भारत सरकारले प्रतिबन्ध लगाएको छ । टिकटकले भने भारतीय टिकटक प्रयोगकर्ताका निजी गोपनीय तथ्याँक चीन सरकारलाई उपलब्ध गराएको भन्ने आरोप अस्वीकार गरेको छ । भारतका टिकटक प्रमुख निखिल गान्धीले एक विज्ञप्ति प्रकाशन गरी टिकटकले भारतीय कानुन बमोजिम प्रयोगकर्ताका सबै तथ्याङ्क विवरणलाई सुरक्षित राखेको बताउनुभएको छ । उहाँले टिकटकका प्रयोगकर्ताका कुनै पनि विवरणलाई चीन सरकार समेतका कुनै विदेशी सरकारलाई नदिइएको स्पष्ट गर्नुभयो । श्री गान्धीले भविष्यमा समेत कुनै सरकारले प्रयोगकर्ताका विवरणका लागि अनुरोध भएमा पनि नदिइने बताउँदै टिकटकले प्रयोगकर्ताको गोपनीयतालाई सर्वाधिक महत्व दिइरहेको स्पष्ट गर्नुभयो । उहाँले भारत सरकारले आफूलाई गोप्यताका विषयमा छलफल गर्न आमन्त्रण गरेको पनि जानकारी दिनुभयो । टिकटक चीनको बाइट-डान्स कम्पनीले निर्माण गरेको हो । प्रधानमन्त्री नरेन्द्र मोदीको भारत सरकारले सोमबार अबेर ५९ वटा चिनियाँ मोबाइल एप्समाथि एकैसाथ प्रतिबन्ध लगाएको थियो जसमा टिकटक पनि समावेश छ ।

एक अनुमानअनुसार भारतमा टिकटकका करिब एक करोड २० लाख प्रयोगकर्ता छन् । टिकटकका चीन बाहेक सबैभन्दा बढी ग्राहक भारतमा रहेका छन् । भारतीय सूचना प्रविधि मन्त्रालयले चिनियाँ एप्सका कारण भारतको सार्वभौमिकता र अखण्डता, भारतको सुरक्षा, राज्यहरुको सुरक्षा एवम् सार्वजनिक जीवनमा चुनौती उत्पन्न भएको जनाएको छ । चीन र भारतीय फौजबीच लद्दाखमा गत जुन १५ मा भएको झडपमा २० जना भारतीय सैनिकको मृत्यु भएपछि दुबै देशबीच तनाबको स्थिति छ । यस क्षेत्रमा अहिले अतिरिक्त सुरक्षाफौज, लडाकू बिमान र अन्य उपकरण तैनाथ गर्नेक्रम जारी छ । यसैबीच, भारतमा चिनियाँ सामानको बिक्री तथा चीनबाट सामान आयातमा समस्या उत्पन्न हुन थालेको छ । गत साता, नयाँदिल्लीको एउटा प्रमुख होटल संघले आफ्ना सदस्य होटलहरुले चिनियाँ पर्यटकलाई आश्रय नदिने तथा चीन निर्मित सामान पनि प्रयोग नगर्ने घोषणा गरेको थियो । भारतमा चिनियाँ इलेक्ट्रोनिक्स वस्तुका उत्पादनहरुको पनि बाक्लो उपस्थिति रहेको छ । चिनियाँ मोबाइल साओमी र ओप्पोले भारतको झण्डै ६५ प्रतिशत हिस्सा ओगटेको अनुमान छ ।

## लाखौँ सिरियाली भोकमरी सङ्कटमा पर्न लागेको अन्तरराष्ट्रिय संस्थाको भनाइ

दमासकस, १६ असार (रासस/एएनआई) ।

लाखौ जना सिरियाली नागरिक भोकमरीको सङ्कटमा पर्न लागेको विभिन्न अन्तरराष्ट्रिय संस्थाले जनाएका छन् । गएको करिब एक दशकदेखि गृह युद्धमा फसेको सिरियामा लाखौँ नागरिक खाद्य सङ्कट झेल्नु परिरहेको भन्दै आगामी केही समयमै उनीहरु भोकमरीको सङ्कटमा पर्न लागेको जानकारी दिएका छन् । नर्वेजियन शरणार्थी परिषद्, अक्सफाम र केयरलगायतका विश्वका गैरसरकारी संस्थाले सिरियामा कम्तीमा पनि ९० लाख शरणार्थीहरु भोकमरीको समस्यामा पर्न लागेका जनाएका छन् । उनीहरुले यस्तो सङ्कट निकै नजिकै आइरहेको भन्दै यसका लागि आवश्यक सहयोग गर्न दाता राष्ट्रका साथै अरु पनि आवश्यक सङ्घसंस्थालाई आग्रह गरेका छन् ।

पश्चिमा शक्ति राष्ट्रले द्वन्द्वग्रस्त सिरियामा मानवीय सहायताका सामग्री तत्काल पठाउन संयुक्त राष्ट्रसङ्घलाई यसअघि नै आग्रह गरेका थिए । सिरियन सरकार अन्तरराष्ट्रिय दाताबाट प्राप्त सामग्रीको व्यवस्थित वितरण गर्न असक्षम रहेको भन्दै बेलायत, फ्रान्स र अमेरिकाले हवाई मार्गबाट भएपनि त्यहाँका केही स्थानमा सहायता सामग्री पुर्‍याउन विगतदेखि नै राष्ट्रसङ्घलाई आग्रह गरेका हुन् । केही महिना मात्र अघि पनि सिरियामा कार्यरत इन्टरनेशनल सिरिया सहयोग समूहले समस्याग्रस्त क्षेत्रमा खाद्यान्नलगायतका सहायता सामग्री नपुर्‍याए गम्भीर मानवीय सङ्कट आउन सक्ने बताएको थियो । सिरियाका विद्रोही समूहको नियन्त्रणमा रहेका त्यहाँका दरायालगायतका क्षेत्रमा विगतदेखि नै निकै थोरै मात्रामा सहायता सामग्री वितरण गरिएको र त्यसमा खाद्यान्नसमेत नभएको अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका थिए ।

## कोरोना भाइरसबाट विश्वमा पाँच लाख आठ हजारभन्दा बढीको मृत्यु

जेनेभा स्वीट्जरल्याण्ड, १६ असार (रासस/एएफपी) ।

कोरोना भाइरस (कोभिड-१९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख आठ हजार २५० पुगेको छ । साथै विश्वभर एक करोड चार लाख १३ हजार ५५८ जना सङ्क्रमित भएका विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ । नेपाली समयानुसार मङ्गलबार अपराह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ५६ लाख ६९ हजार ५९४ जना निको भएका छन्। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २६ लाख ८१ हजार ८११ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक१ लाख २८ हजार ७८३ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ । दक्षिण अमेरिकामा २१ लाख ८७ हजार १२९ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ८३ हजार ६७१ जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा ३१ लाख २९ हजार ४२६ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ एक लाख ६७ हजार ६०२ जनाको मृत्यु भएको छ । युरोपमा २४ लाख २९ हजार ९५१ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने एक लाख ९१ हजार ३८ को मृत्यु भएको छ । एसियामा २२ लाख ६० हजार ५४१ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने, ५५ हजार ८८४ जनाको मृत्यु भएको छ । अफ्रिकामा तीन लाख ९६ हजार ३१४ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने नौ हजार ९१४ जनाको मृत्यु भएको छ । ओसियानामा नौ हजार ४७६ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १२६ जनाको मृत्यु भएको छ ।

# विप्लव नेतृत्वको नेकपाद्वारा भिमराज यादवलाई गुन्डा शैली त्याग्न सचेत

**दैनिक समाचारदाता राजविराज, १६ असार ।**

विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी सप्तरीले माउन्टेन टिभिका जिल्ला संवाददाता दिवाकर साहलाई गालि गलौज र ज्यान मार्ने धम्की दिने ठेकेदार भिमराज यादवलाई आफ्नो गुन्डा शैलीको रवैया त्याग्न सचेत गराएको छ ।

भूमिगत समेत रहेको सो पार्टीका सप्तरी जनसत्ता प्रमुख आर्दशद्वारा मंगलबार जारि विज्ञप्तिमा ज्यान मार्ने धम्की दिएका ठेकेदार यादवले आफ्नो गुन्डा शैलीको रवैया नत्यागे त्यसको बिरुद्ध पार्टीले कडा कदम उठाउने चेतवानी समेत दिएको छ ।

यसअघि जनता समाजवादी पार्टीका नेता समेत रहेका निर्माण व्यवसायी भिमराज यादवले पटक पटक आफूलाई समाचारको आडमा बार्गेनिङ गरिरहेका पत्रकार दिवाकर साहलाई आवेशमा आई फोनमा अपशब्द बोलेको स्वीकार गरिसकेका छन् । राजविराज ९ मलेठस्थित निर्माण हुँदै गरेको शहिद गेटको काम सम्पन्न नभई सो काममा भ्रष्टाचार गरेको भन्दै पत्रकार साहले समाचार सम्प्रेशन गरेका थिए ।



नागरिकता संशोधनको बिरुद्ध, व्यवस्थित क्वारेन्टाइनलगायतको माँग गर्दै विगत एक सातादेखी नेपाली काँग्रेस सप्तरीले सरकारबिरुद्धको प्रदर्शनलाई मंगलबार पनि सो प्रदर्शनलाई निरन्तरता दिएको छ । मंगलबार काँग्रेस सप्तरीले प्रधानमन्त्रीको पुतला समेत दहन गरेको दृश्य । *तस्बिर : राजविराज दैनिक*

### *सप्तरीको १८ वटै ...*

नेपालमा कोरोना संक्रमितको संख्या १३ हजार २ सय ४८ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यता मुलुकभरी ३ हजार १ सय ९४ जना कोरोनाबाट निको भएका छन् भने ३० जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

# आफैँले बोकेको पेस्तोलले गोली हानी आत्महत्या

इनरुवा, १६ असार (रासस) ।

सुनसरी जिल्ला अदालतमा कार्यरत एक प्रहरी हवल्दारले आफैँले बोकेको पेस्तोलबाट गोली हानेर सोमबार आत्महत्या गरेका छन् ।

जिल्ला अदालत सुनसरीमा कार्यरत उर्लावारी नगरपालिका घर भएका ओमप्रकाश खतिवडाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । जिल्ला अदालत सुनसरीका ४ नम्बर न्यायाधीश शङ्करबहादुर राईको अङ्गरक्षकका रूपमा कार्यरत खतिवडाले अदालतको छतमा गएर आफूसँग भएको पेस्तोलबाट आफ्नै कञ्चटमा गोली हानेर आत्महत्या गरेको सुनसरीका प्रहरी नायब उपरीक्षक विनोद शर्माले बताउनुभयो ।

दाहिने कञ्चटमा गोली हानी गम्भीर घाइते भएका खतिवडालाई उपचारका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएकामा उपचारको क्रममा उहाँको मृत्यु भएको प्रहरी नायब उपरीक्षक शर्माले बताउनुभयो । घटनाको कारण भने खुलेको छैन । घटनाका विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता राजविराज, १६ असार ।**

गत चैत ५ गतेदेखी ज्यान मार्ने उद्योग मुद्दामा फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको बलानबिहुल गाउँपालिका ६ रौतहट निवासी कलशदेवी यादवको जाहेरीको आधारमा फरार रहेका सोही स्थान निवासी २६ वर्षिय धिरज कुमार यादवलाई प्रहरीले सोमबार पक्राउ गरेको जनाएको छ ।

गोप्य सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिई मंगलबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराएर अनुसन्धान प्रक्रिउा अगाडी जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *जसपाद्वारा नागरिकता ...*

अतिथि प्रदेश २ का समाजिक विकास मन्त्री नवल किशोर साह, संघिय सांसद डा. सुर्य नारायण यादव, जनता समाजवादी पार्टीका नेता गजेन्द्र मण्डल, अमरनाथ मण्डल, दिपेन्द्र चौधरी, दिनेश यादव, नगरप्रमुख शम्भु यादव, शैलेश साह, शिव नारायण साह, गाउँपालिका प्रमुख सतिश सिंह, हरेराम यादव, दयानन्द गौईत, महिला नेतृ साधना झा, पुनम यादव लगायतले संशोधन विधेयक खारेज नभएसम्म सडक र सदन दुवै ठाउँबाट संघर्ष जारी राख्ने बताए ।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना ।"
"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*